वर्ष २० | अंक ३५२ | नेपाल संवत् ११४२ | २०७९ भदौ २९ गते बुधबार | 14 Sept. 2022 | पृष्ठ ४ | मूल्य रु. १०

सृष्टि यातायात प्रा.लि.
दैनिक A/C बस सेवा
पोखरा–दिल्ली
काठमाडौं–दिल्ली
पोखरा : 061-576081, 9856019931
काठमाडौं : 9851323725
(सम्पूर्ण नेपाली बस)
सम्पर्क : पोखरा–८, फिर्के
(Ncell Office को कार्यालयसँगै)

एउटै पढे पुग्छ
# समाधान
samadhannews.com
राष्ट्रिय दैनिक




गण्डकीको अंक गणित:

# एमालेलाई पर्न सक्छ गठबन्धन भारी

रिखिराम जिसी
पोखरा, २८ भदौ

आउँदो मंसिर ४ गते प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचनका लागि राजनीतिक दलहरुले तयारी सुरु गरिसकेका छन् । सत्ता साझेदार दलहरु चुनावी गठबन्धनको तयारीमा जुट्दा एमाले भने एक्लै लड्ने स्थितिमा छ । दलहरुले प्रदेश तथा प्रतिनिधि सभा उम्मेदवारका लागि नाम सिफारिस गरिरहेका छन् । केही राजनीतिक दल मतदातालाई प्रभावमा पार्न चुनाव केन्द्रित कार्यक्रममा जुटिराखेका छन् ।

गण्डकी प्रदेशमा पनि चुवानी रौनक बढ्दो छ । गण्डकीका ११ जिल्लामा प्रतिनिधि सभामा प्रत्यक्षतर्फ १८ सिट छन् । २०७४ को प्रतिनिधि सभा निर्वाचनमा एमाले–माओवादी वामगठबन्धन बनाई चुनावमा गएका थिए । उक्त निर्वाचनमा उक्त वाम गठबन्धनले १६ सिट जित हासिल गर्न सफल भएको थियो । कांग्रेसले एउटा सिटमा चित्त बुझाउनु परेको थियो । कांग्रेसले नवलपुर १ जित्दा कांग्रेसकै समर्थनमा तत्कालीन नयाँ शक्ति पार्टी अध्यक्ष बाबुराम भट्टराई गोरखा २ बाट विजयी भएका थिए ।

त्यति बेलाको बलियो वाम गठबन्धन अहिले ३ धारमा विभाजित छन् । एमाले, माओवादी अहिले दुश्मनजस्तै छन् । त्यतिमात्र होइन, एमाले विभाजित भएर नेकपा एकीकृत समाजवादी बनेको छ । यही परिस्थितिमा गण्डकी प्रदेशमा नतिजा ७४ सालको भन्दा फरक आउने निश्चित छ ।

अघिल्लो निर्वाचनमा एक सिटमा चित्त बुझाएको कांग्रेसलाई पहिलाभन्दा बढी सफलता मिल्न सक्छ । जसको बलियो आधारको रुपमा गत वैशाखमा भएको स्थानीय तहको निर्वाचनको मतलाई मान्न सकिन्छ । स्थानीय तहको वडागत नजिता हेर्ने हो भने प्रतिनिधि सभामा एमाले, कांग्रेस र माओवादी बाहेक अन्य दलले चुनाव जित्ने सम्भावना कम देखिन्छ ।

स्थानीय तहको नतिजाअनुसार एमाले ११, कांग्रेस ६ र माओवादी १ स्थानमा अगाडि छन् । एमाले कास्की २, कास्की ३, तनहुँ २, पर्वत, नवलपुर २, बागलुङ १ र २, मनाङ, मुस्ताङ, म्याग्दी र लमजुङमा अघि छ । कांग्रेस कास्की १, गोरखा १, तनहुँ १, नवलपुर १, स्याङ्जा १ र २ मा अगाडि छ । माओवादी गोरखा २ मा अघि छ ।

मुस्ताङ, मनाङ, स्याङ्जा १, कास्की ३ र तनहुँ २ मा एमाले कांग्रेसभन्दा हजारभन्दा कम मतले अगाडि छ । मनाङ, मुस्ताङ, पर्वत र नवलपुर २ मा कांग्रेस, माओवादीलगायतको सत्ता गठबन्धले पाएको मतभन्दा एमालेको मत धेरै छ । गोरखाका २ क्षेत्रमा एमाले तेस्रो स्थानमा छ । एउटा क्षेत्रमा कांग्रेस र दोस्रो क्षेत्रमा माओवादी अगाडि छ ।

स्थानीय तहमा वडाध्यक्षले पाएको मतलाई आधार मान्ने हो भने एक्लाएक्लै लड्दा एमाले पहिलो पार्टी बन्न सक्ने देखिन्छ । तर सत्ता गठबन्धन एकातिर अर्कातिर एमाले हुनुपर्दा एमालेले भारी पर्नेछ ।

गठबन्धन हुँदाको आँकलन गर्ने हो भने गण्डकी प्रदेशमा प्रतिनिधि सभातर्फ १८ सिटमा गठबन्धनको १४ सिट सुरक्षित देखिन्छ । वडागत मत आधार मान्दा कांग्रेस एक्लै ६ ठाउँमा अगाडि छ । गठबन्धन हुँदा पनि केही ठाउँ भने रोचक बन्ने देखिएको छ ।

कास्की २, कास्की ३, पर्वत, नवलपुर २, लमजुङ, मनाङ र मुस्ताङमा कडा प्रतिस्पर्धा हुने देखिन्छ । वडागत नतिजा हेर्दा यी क्षेत्रमा एमालेले प्राप्त गरेको मत र सत्ता गठबन्धनको दलहरुले प्राप्त गरेको मत बराबर जस्तो छ । जसले गर्दा अन्य दल र नयाँ थपिएका मतदातामा भर पर्नुपर्ने हुन्छ । यद्यपि गठबन्धनको भागबन्डाको टुंगो लागिसकेको छैन । जसले गर्दा कांग्रेसलाई कति र अन्यलाई कति भन्नेबारे भन्न सकिने अवस्था छैन । साथै पार्टीले उठाउने उम्मेदवार, उम्मेदवारको लोकप्रियता, उम्मेदवारप्रति जनताको विश्वास, नयाँ थपिएका मतदाताको मतले पनि मतपरिणाममा फरक ल्याउन सक्छ ।

| एमाले अगाडि भएका क्षेत्र | कांग्रेस अगाडि भएका क्षेत्र | माओवादी अगाडि भएका क्षेत्र |
|---|---|---|
| कास्की २ | कास्की १, | गोरखा २ |
| कास्की ३ | गोरखा १, | |
| तनहुँ २ | तनहुँ १, | |
| पर्वत | नवलपुर १, | |
| नवलपुर २ | स्याङ्जा १ र २ | |
| बागलुङ १ र २ | | |
| मनाङ, मुस्ताङ | | |
| म्याग्दी र लमजुङ | | |

**स्थानीय तहको नतिजाअनुसार एमाले ११, कांग्रेस ६ र माओवादी १ स्थानमा अगाडि छन् ।**

**अघिल्लो निर्वाचनमा एक सिटमा चित्त बुझाएको कांग्रेसलाई पहिलाभन्दा बढी सफलता मिल्न सक्छ**

# ‘एमालेले जित्छ, अलोकतान्त्रिक हार्छन्’

समाधान संवाददाता
पोखरा, २८ भदौ

नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी आम निर्वाचनमा एमालेले ल्याउने परिणामबाट विश्व चकित पर्ने दाबी गरे । नेपाल लोकतान्त्रिक तमु संघको दोस्रो राष्ट्रिय सम्मेलनको मंगलबार पोखरामा उद्घाटन गर्दै अध्यक्ष ओलीले एमालेको बहुमत ल्याउन आम जनतालाई जगाएर तुफानी अभियान चलाउने उल्लेख गरे ।



उनले देश विकास र सामाजिक सद्भाव भत्काउनेलाई देखाउन नेकपा एमालेले आगामी चुनाव जित्नुपर्ने बताए । ‘ मंसिर ४ गतेको निर्वाचन हामीले जित्नै पर्छ । किन जित्नपर्छ ? एमाले तथा लोकतान्त्रिक तमु संघलाई होइन,’ अध्यक्ष ओलीले भने, ‘देश र तमाम जनता, लोकतन्त्र, शान्ति, राष्ट्रिय एकता, समानता र विकास सामाजिक सद्भाव भत्काउनेलाई देखाउन यो निर्वाचन जित्नपर्छ ।’

अध्यक्ष ओलीले मंसिर ४ को निर्वाचनमा एमालेको पक्षमा मतदान गर्नेको संख्या बढाउनेदेखि मतदाताको सुरक्षा गर्नु पर्नेमा जोड दिए । काभ्रे लगायतको जिल्लामा एमालेका कार्यकर्तालाई झुट्टा मुद्दा लगाएर दमन थालेको उल्लेख गर्दै अध्यक्ष ओलीले सत्ता गठबन्धनले मत खसाल्न नदिएर अलोकतान्त्रिक काम गर्ने टिप्पणी गरे । स्याङ्जाको चापाकोट लगायतका स्थानमा अहिलेसम्म जनताले भोट खसाल्न नपाएको दाबी गर्दै अध्यक्ष ओलीले अलोकतान्त्रिक र गुण्डागर्दीलाई रोकेर जनतालाई मत दिलाउने वातावरण मिलाउन एमालेका जनसंगठनलाई निर्देशन दिए ।

अध्यक्ष ओलीले आगामी निर्वाचनमा प्रचण्डको पार्टीले थ्रेसहोल्ड पार गरेर राष्ट्रिय पार्टी बनेपनि माधव नेपालको (एकीकृत समाजवादी) त्यहाँ नपुग्ने उल्लेख गरे । आगामी चुनावसम्म पुग्दा माधव नेपालको पार्टीमा खास कार्यकता नै नरहने दाबी गरे । ‘प्रचण्डले इज्जत जोगाउँछन्, माधव नेपालको थ्रेसहोल्ड कट्दैन,अध्यक्ष ओलीले भने, ‘माधव नेपालले भोट पाउनेवाला छैनन् ।

सो पार्टी ३ प्रतिशत थ्रेसहोल्ड कटाएर राष्ट्रिय पार्टीका रूपमा आउन सक्दैन । यत्रो एमालेको विरुद्ध काम गरेको पारिश्रमिक स्वरुप उनलाई सबै मिलेर एक सिट जिताइदिन सक्छन् ।’ उनले संसदमा माधव नेपालको हैसियत राप्रपाको जस्तै हुने दाबी गरे गरे । ती पार्टी आफ्नै विचारमा केन्द्रीत भए पनि नेता नेपाल र उनको पार्टीसँग कुनै राजनीतिक विचार नरहेको अध्यक्ष ओलीको टिप्पणी थियो ।






# सम्पादकीय

## डेंगु नियन्त्रणको लागि प्रभावकारी कदम चाल

नेपालमा डेंगु संक्रमण निरन्तर रुपमा उकालो लागेको छ । हुम्ला र मुस्ताङबाहेक देशभरका ७५ जिल्लामा फैलिएको डेंगु महामारी उत्कर्षतिर लम्केको छ । ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी)को तथ्यांकअनुसार देशभर साउनदेखि हालसम्म ९ हजार ८३५ जनामा डेंगु संक्रमण भएको छ । गण्डकीमा २ सय २ जनामा संक्रमण पुष्टि भएको छ । अहिलेसम्ममा डेंगुबाट ७ जनाको मृत्यु भएको छ । नेपालमा सन् २००४ मा पहिलो पटक पुष्टि भएको डेंगु अहिले निरन्तर रुपमा फैलिएको छ ।

मानिसमा जनचेतनाकै कमीले डेंगु फैलिइरहेको छ । डेंगु नियन्त्रणको लागि लामखुट्टे मार्ने प्रभावाकारी उपाय अपनाउनु पर्छ । झाडीहरू फाँड्ने हो वा पेस्टिाइड छर्ने, मानिसहरूलाई जनचेतना गराउने, घरवरपर सुख्खा राख्ने उपाय अझै गरिएको छैन । जसको कारण डेंगुको जोखिम बढाइरहेको छ । घरको झ्याल तथा ढोकामा जाली छैन भने ढोका खोल्दा साँझपख लामखुट्टे छिर्छ । यही लामखुट्टे कोठाको कुनातिर बस्छ र टोक्छ । जाली नभएकाले बढी सावधानी अपनाउनुपर्ने हुन्छ । साँझपख झ्यालढोका नखोल्ने, काम गर्दा पूरा बाहुला भएका लुगा लगाउने, कुनाकाप्चा राम्ररी सफा गर्ने,नचाहिने सामान कोठामा थुपारेर नराख्ने गर्दा लामखुट्टेको टोकाइबाट बच्न सकिन्छ ।

एडिस एजेप्टी र एडिस एल्बोपिक्टस प्रजातिको लामखुट्टेले टोक्दा डेंगु संक्रमण हुन्छ । यो जातिको लामखुट्टले राति होइन दिउँसोमात्रै मानिसलाई टोक्छ । यो लामखुट्टे कालो र सेतो रङको हुन्छ । विशेषगरी साँझ-बिहानको समयमा सक्रिय हुने 'एडिज' प्रजातिको लामखुट्टेको टोकाइबाट डेंगुको संक्रमण फैलिने गर्छ । उच्च ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, जिउ अत्यधिक दुख्ने लक्षण डेंगुका हुन् । गम्भीर प्रकृतिको डेंगु संक्रमण भएका बिरामीमा थकान महसुस हुने, गिँजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार बान्ता हुने, सास फेर्न गाह्रो हुने, पेट खुट्टा सुनिने जस्ता लक्षण देखा पर्छन् । यस्ता लक्षण देखिएका बिरामीलाई भने तत्काल अस्पताल भर्ना गर्नुपर्ने पर्छ ।

विज्ञहरूका अनुसार डेंगुको अझै २ महिना जोखिम छ । डेंगु उत्कर्षतिर पुगेको छ । उत्कर्षमा स्थिर रहन्छ की घटेर जान्छ भन्नेमा यकिनका साथ भन्न सकिने अवस्था छैन । डेंगुबाट जोगिन सर्व साधारण पहिले सजक हुनु पर्छ । मुख्य पाटो सचेतना जगाउनु हो । सरकारले डेंगु प्रकोप न्यूनीकरणका लागि प्रदेश, जिल्ला र स्थानीय तहसँगको समन्वयमा रोग सार्ने लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान प्रभावकारी रुपमा चलाउनु पर्छ । अस्पतालको तयारी, डेंगु जाँच गर्ने किटहरु बढाउनु पर्छ । समुदायमा भेक्टर सर्भिलेन्स र डेंगुको सेरोटाइपको अध्ययनका लागि नमुना संकलनमा ध्यान दिनु आवश्यक छ ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं, वर्षर्तुः, नलनाम संवत्सर, श्रीशाके १९४४, सम्वत २०७९ साल भाद्र ३० गते विहीबार नेपाल सम्बत ११४२ ञलागा, सन् २०२२ सेप्टेम्बर १५ तारिक कृष्णपक्ष पञ्चमी तिथि मध्यान्ह १२ वजेर ४५ मिनेटसम्म, भरुणी नक्षत्र विहान १० वजेर ५६ मिनेटसम्म, व्याघायोग, तैतिलकरण, आनन्दादियोग पद्म, सूर्य सिंह राशिमा, चन्द्रमा अपरान्ह ५ बजेर १५ मिनेटसम्म मेष उप्रान्त वृष राशीमा ।

## राशिफल



**वेदनिधि तिमिल्सिना**
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ▪ उत्तम आसन र भोजन, स्फूर्ति बढ्ने, कार्य सफल ।
- **वृष** ▪ अनावस्यक खर्च, आरोप लाग्न सक्ने, व्यापार घाटा ।
- **मिथुन** ▪ आकस्मिक आम्दानी, आफन्तबाट सहयोग मिल्ने ।
- **कर्कट** ▪ सामाजिक उत्तरदायित्व बढ्ने, रोकिएका काम बन्ने ।
- **सिंह** ▪ धार्मिक अनुष्ठान, फलदायी यात्रा, तनावमा कमि आउने ।
- **कन्या** ▪ मानसिक तनाव, काममा अवरोध, विश्वासमा धोका ।
- **तुला** ▪ दामपत्य जीवनमा सुखानुभूति, क्रय विक्रयमा वृद्धि ।
- **वृश्चिक** ▪ संघर्ष बढि गर्नु पर्ने, परिश्रमको फल मिल्नेछ ।
- **धनु** ▪ खर्चमा नियन्त्रण, व्यापार व्यवसायबाट अल्प लाभ हुने ।
- **मकर** ▪ पारिवारिक जमघट हुने, उपलब्धिका काम कम हुनेछन् ।
- **कुम्भ** ▪ उद्योग पराक्रम बढ्नेछ, गरेका कामबाट लाभान्वित ।
- **मीन** ▪ ऋण लगानी गर्दा विचार गर्नु, पयत्नपूर्व गरेका काम बन्ने ।


सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293


# कास्कीमा माओवादीका ४५ आकांक्षी

**समाधान संवाददाता**
पोखरा, २८ भदौ

मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि नेकपा (माओवादी केन्द्र) ले कास्कीबाट सम्भावित उम्मेदवारको सूची पठाएको छ । प्रदेश सभा र प्रतिनिधिसभा निर्वाचिनमा प्रत्यक्ष र समानुपातिक गरेर ४५ जनाको नाम सिफारिस गरेको जिल्ला पार्टी कमिटीले जनाएको छ ।

प्रतिनिधिसभाका लागि राजकाजी गुरुङ 'करण', योशादा सुवेदी गुरुङ, तेजकुमारी पौडेल र शिवजी लामिछानेको नाम सिफारिस भएको छ । करण यसअघि क्षेत्र नम्बर २ बाट प्रदेश सभामा प्रतिस्पर्धा गरेका थिए । उनी कांग्रेसका विन्दू कुमार थापासँग पराजित भएका थिए ।

प्रदेश सभा क्षेत्र नम्बर १ (क) मा सांसद दीपक कोइराला, विश्वप्रकाश लामिछाने, विमला पहारी, छवि लामिछाने र अमरदीप पराजुलीको नाम सिफारिस भएको छ । १(ख) मा गायत्री गुरुङ, शरदचन्द्र बराल, तोरण गुरुङ र सूर्यप्रकाश तिवारीको नाम सिफारिस भएको हो । दीपक कोइराला र गायत्री हाल गण्डकी प्रदेशसभा सदस्य हुन् ।

क्षेत्र नम्बर २ मा सुमन देवकोटा र गंगा पोखरेलको मात्रै नाम सिफारिस भएको छ । पोखरेल भूमि आयोग कास्कीका अध्यक्ष हुन् ।

प्रदेशसभा २ (क) मा जनकराज पराजुली र भक्तबहादुर खत्री सिफारिस भएका छन् । त्यस्तै २ (ख) मा विनय थापा, हरिनारायण गिरी, रुद्र विश्वकर्मा र रामजी आचार्यको नाम सिफारिस भएको छ ।

क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभामा रामजीप्रसाद बराल, दुर्गाकुमारी विक, नवराज भण्डारी र बलराम सुवेदीको नाम सिफारिस भएको छ । बराल हाल गण्डकी प्रदेशसभाको सांसद तथा अर्थमन्त्री हुन् ।

प्रदेशसभा ३ (क) बाट आशमान रोका, सिर्जना त्रिपाठी, भोजराज पौडेल, टंकप्रसाद अधिकारी र तीर्थ लुइँटेलको नाम पठाइएको छ । त्यस्तै ३ (ख) बाट अग्नि कँडेल, दुर्गादत्त भण्डारी, त्रिभुवन पौडेल, हरिप्रसाद भण्डारी र गोविन्द अधिकारीलाई सिफारिस गरिएको हो ।

प्रतिनिधिसभाको समानुपातिक तर्फ सोमति गुरुङ, बखानसिंह तमु, राजकुमारी दुलाल, जुवेदा खातुन र अनिता भूर्तेल तथा प्रदेशमा अलिसा आले, जगमाया सुनार, गोमा ढकाल, विश्वेश्वर आचार्य र सन्तबहादुर भुजेलको नाम सिफारिस भएको छ ।

# पोउवा संघमा नवनिर्वाचित कार्यसमितिको पदस्थापन



**समाधान संवाददाता**
पोखरा, २८ भदौ

पोखरा उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष पवनकुमार प्रजापतिसहित पदाधिकारी र कार्यसमितिका सदस्यहरुले पदभार ग्रहण गरेका छन् । शनिबार सम्पन्न ३४ औं महाधिवेशनबाट निर्वाचित अध्यक्ष प्रजापतिसहित संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, उद्योग उपाध्यक्ष देवेन्द्र केसी, वाणिज्य उपाध्यक्ष उत्तममान बुद्धाचार्य, महासचिव बलराम आचार्य, कोषाध्यक्ष दीनेशचन्द्र बास्तोला, उपमहासचिव शोभा गौतमसहित कार्यसमितिका सदस्यहरुलाई संघका निवर्तमान अध्यक्ष नारायण कोइरालाले पदस्थापन गराएका हुन् । पदस्थापन कार्यक्रममा संघका निवर्तमान महासचिव सुरेन्द्रमान विजुक्छेको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रममा संक्षिप्त मन्तव्य राख्दै अध्यक्ष प्रजापतिले निजी क्षेत्रको उन्नयन तथा पोखराको समग्र आर्थिक विकासको लागि एकजुट भएर अगाडि बढ्नुपर्ने बताए । संघको मंगलबार नै बसेको पहिलो कार्यसमिति बैठकले विभिन्न निर्णयहरु पनि गरेको छ । अध्यक्ष प्रजापतिको अध्यक्षतामा बसेको बैठकले संघको सचिवालय गैह्रापाटनमा बहुउद्देश्यीय भवन निर्माणका लागि वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीलाई संयोजकको जिम्मेवारी प्रदान गरेको छ भने व्यवसायीमाथि आइपर्ने पीरमर्का संबोधनको लागि व्यवस्था गरिएको हेल्पडेक्सको संयोजकको जिम्मेवारी पनि वरिष्ठ उपाध्यक्ष कार्कीलाई नै सुम्पेको छ ।

बैठकले निर्वाचन सम्पन्न गर्न सहयोग पुऱ्याउने सबैप्रति हार्दिक कृतज्ञता ज्ञापन पनि गरेको छ । सो अवसरमा संघका निवर्तमान अध्यक्ष नारायण कोइरालाले नवनिर्वाचित अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्यहरुलाई बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

### थापा सदस्य मनोनित

पोखरा उद्योग वाणिज्य संघको कार्यसमिति सदस्यमा सौगात थापा मनोनित भएका छन् । संघका अध्यक्ष पवनकुमार प्रजापतिले संघको विधानको परिच्छेद ६ अन्तर्गत ६.१ 'ड' को अधिकार प्रयोग गर्दै सदस्य प्रतिष्ठान बगैंचा वेलनेस रिसोर्टका थापालाई कार्यसमिति सदस्यमा मनोनित गरेका हुन् । संघको विधानले अध्यक्षलाई ४ जना सदस्य मनोनित गर्ने अधिकार प्रदान गरेको छ ।

# प्रज्ञा प्रतिष्ठान र रसियन कल्चरबीच भगिनी सम्बन्ध

**समाधान संवाददाता**
पोखरा, २८ भदौ

गण्डकी प्रज्ञा प्रतिष्ठान र रसियन सेन्टर अफ साईन्स एण्ड कल्चरबीच भगिनी सम्बन्ध कायम भएको छ । सोमबार पोखरामा दुई पक्षले एमओयू सम्झौता भएको छ । सम्झौता पत्रमा रसियन सेन्टर अफ साईन्स एण्ड कल्चरको तर्फबाट डाइरेक्टर एन्टोन मास्लोभ र गण्डकी प्रज्ञा प्रतिष्ठानको तर्फबाट सदस्य सचिव मनकुमार श्रेष्ठले हस्ताक्षर गरे ।

सचिव श्रेष्ठले आफूहरुको कार्यकालको ऐतिहासिक सम्झौता गरेको बताए । 'यो ऐतिहासिक सम्झौता हो, अब हरेक वर्ष सांस्कृतिक कार्यक्रम आदानप्रदान हुनेछ' श्रेष्ठले भने ।

रसियन दूतावासका प्रथम सचिव मास्लोभले गण्डकी प्रज्ञा प्रतिष्ठानसँग भगिनी सम्बन्ध विस्तार गर्न पाउँदा अत्यन्त खुसी लागेको बताए । 'गण्डकी प्रज्ञा प्रतिष्ठानसँग भगिनी सम्बन्ध विस्तार गर्न पाउँदा अत्यन्त खुसी छु, सम्बन्ध दीर्घकालीन हुने छ,' उनले सुनाए ।

सम्बन्ध स्थापित भएसँगै गण्डकी प्रज्ञा प्रतिष्ठानले रसियन सांस्कृतिक टोलीलाई पोखरामा निमन्त्रणा गरेको छ । सो निमन्त्रणालाई स्विकार गर्दै डाइरेक्टर मास्लोभले २५ जनाको टोली आगामी कात्तिक २१ गते पोखरा आउने बताएको प्रतिष्ठानका सदस्य सचिव श्रेष्ठले जानकारी दिए ।

भानु हलमा कात्तिक २३ गते 'रसियन कल्चर सो' समेत हुनेछ । कल्चरल सोमार्फत् गण्डकी प्रदेशबासीले रसियन कल्चरको बारेमा जानकारी पाउने प्रतिष्ठानका सदस्य सचिव श्रेष्ठको विश्वास छ ।

# कास्की सेवा हस्पिटलले डेंगुको निशुल्क परीक्षण गर्ने



**समाधान संवाददाता**
पोखरा, २८ भदौ

डेंगु रोग नियन्त्रण गर्न पोखराको कास्की सेवा अस्पतालले निशुल्क परीक्षण गर्ने भएको छ । अस्पतालले सामाजिक उत्तरदायित्वलाई मध्यनजर गर्दै भदौ ३० गतेदेखि निशुल्क परीक्षण गर्ने जनाएको हो ।

आर्थिक अभावका कारण डेंगु परीक्षण गर्न वञ्चित बिरामीलाई लक्षित गरेर निशुल्क परीक्षण सेवा ल्याइएको अस्पतालका प्रमुख कार्यकारी अधिकृत युवराज आचार्यले बताए ।

१ हजार रुपैयाँ लाग्ने डेंगु रोग परीक्षण अस्पतालले निशुल्क गर्न लागेको हो । निशुल्क परीक्षण गर्न रोगका लक्षण तथा सम्बन्धित फिजिसियनले अनिवार्य सिफारिस गर्नुपर्ने प्रमुख आचार्यले बताए ।

अस्पताले १ हजार बिरामीलाई आवश्यक किट उपलब्ध गराउने प्रशासकीय अधिकृत सुन्दर पोखरेलले बताए । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा बिरामीको चाप भएकाले छिटोछरितो उपचार गराउने उद्देश्यले आफूहरुले निशुल्क परीक्षण व्यवस्था गरेको पोखरेलले बताए ।


## मैदीताल कृषि सहकारी संस्था लि. पोखरा -३० शिशुवाको सूचना

सूचना प्रकाशन मिति २०७९/०५/२९

पोखरा महानगरपालिका अन्तर्गत द.नं.४३/०७६/०७७ मा दर्ता रहेको मैदीताल कृषि सहकारी पोखरा महानगरपालिका वडा नं.३० ले सहकारी संस्थाको नाम परिर्वतन गरि पाउँ भनी साधरण सभको निर्णय संग्लन राखी दिएको निवेदन उपर कारवाही हुँदा उक्त संस्थाको नाम परिर्वतनबाट कोही कसैलाई कुनै पनि व्यहोराले असर पर्ने नाम संशोधन गर्न नमिल्ने कुनै आधार तथा कारण भए यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यलय समयमा स-प्रमाण पोखरा महानगरपालिका सहकारी शाखामा दावी पेश गर्नुहुन पोखरा महानगरपालिका सहकारी नियमावली २०७६ को नियम ९ को प्रयोजनका लागी मैदीताल कृषि सहकारी संस्था लि. ले यो सूचना प्रकाशन गरिएको छ । कुनै दावी नपरेमा कानुन बमोजिम हुनेछ ।

**हालको नाम :** मैदीताल कृषि सहकारी संस्था लि.
**परिवर्तिन नाम :** मैदीताल मत्स्य तथा कृषि पर्यटन सहकारी संस्था लि.

**सञ्चालक समिति**


# पोखरा नर्सिङ क्याम्पसलाई गुणस्तरको प्रमाणपत्र



**समाधान संवाददाता**
पोखरा, २८ भदौ

पोखरा नर्सिङ क्याम्पसले विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदान गरिने गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको छ । विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा भीमप्रसाद सुवेदीले नर्सिङ क्याम्पसका प्रमुख प्राध्यापक नीता ताम्राकारलाई आइतबार प्रमाणपत्र दिएका छन् ।

आयोगले तोकेको मापदण्ड पूरा गरेपछि मात्र यो प्रमाणपत्र दिइन्छ । क्याम्पसले सो प्रमाणपत्र प्राप्त गर्न २०७६ माघमा आयोगबाट आसय पत्र प्राप्त गरी प्रक्रियाको थालनी गरेको थियो ।

प्रमाणपत्र ग्रहण समारोहमा पोखरा नर्सिङ क्याम्पसबाट क्याम्पस प्रमुख ताम्राकार, स्याट कमिटीका संयोजक शारदा शर्मा तथा सदस्यहरु सृजना पौडेल र अन्जु पौडेलको सहभागिता थियो । विश्वविद्यालय अनुदान आयोगबाट पोखराको वनविज्ञान क्याम्पस समेत रहेको छ ।

# एनपिएलका लागि पोखरा एभेन्जर्स तयार

पोखरा, २८ भदौ (समाधान) - नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा हुन लागेको नेपाल प्रिमियर लिग टी-२० क्रिकेट प्रतियोगिताका लागि पोखरेली टिम 'पोखरा एभेन्जर्स' ले खेलाडी सूची सार्वजनिक गरेको छ ।

पोखराको टिमका लागि मार्की प्लेयरमा मोहम्मद असिफ सेख छन् भने शरद भेषावकर पोखराबाटै खेल्नेछन् । पोखराका अन्य खेलाडीमा कुशल मल्ल, प्रतिस जिसी, आरिफ शेख, तुलबहादुर थापा, विसन विक्रम केसी, कृष्ण कार्की, विपिन खत्री, सुमित महर्जन र सिद्धान्त लोहनी छन् ।

विदेशी खेलाडीहरुमा पाकिस्तानी विकेट किपर व्याट्स्म्यान मोहम्मद हाफिज, पाकिस्तानकै सलमान इर्साद तथा श्रीलंकन खेलाडीहरु निरोशान डिक्वेला, शेहन मधुशंका जस्ता खेलाडीलाई पोखरा एभेन्जर्सले आफ्नो टिममा अनुबन्धन गराएको छ ।

सुवोध त्रिपाटी र आतिस ज्ञवालीको लगानी रहेको यो टिम मेण्टरमा भारतका पूर्वखेलाडी सन्दीप पाटिल रहेका छन् । प्रतियोगिता आगामी असोज ८ देखि कात्तिक ५ गते सम्म काठमाडौंमा हुनेछ ।


**पोखरा महानगरपालिका**
**०५ नं. वडा कार्यालय,**
पोखरा, कास्की, गण्डकी प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

*मिति: २०७९/०५/२८ गते*

यस पोखरा महानगरपालिका वडा नं. ०५ अन्तर्गत पोखरा महानगरपालिकाको कार्यालय वा वडा कार्यालयको स्वीकृति नलिइकन निर्माण भएका स्थायी, अस्थायी टहरा समेतका अतिक्रमित जग्गामा एवं मापदण्ड विपरित निर्मित संरचनाहरु हटाउने अभियान चलिरहेको हुँदा स्वीकृत नलिइकन निर्माण भएका संरचनाहरु ७ दिन भित्र हटाईदिनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै ७ दिन भित्र उक्त संरचनाहरु नहटाइएमा प्रचलित कानुन बमोजिम हटाउँदाको खर्च समेत सम्बन्धित सरोकारवाला व्यक्तिबाट नै असुल उपर गराइने व्यहोरा समेत जानकारी गराइन्छ ।

*नोट: **पहिलो चरण :** जिरो कि.मि. देखि उत्तरतर्फ बाग्लुङ राजमार्गको दायँबायाँको सडक ।*

**विष्णुप्रसाद बराल**
वडा अध्यक्ष
**पोखरा महानगरपालिका वडा नं. ५**



## हार्दिक समवेदना



जन्म मिति: वि.सं. १९९३/०८/२७
स्वर्गारोहण मिति: वि.सं. २०७९/०५/१७

**स्व. सुन्तली मुल्मी**

यस झिः नेवाः ग्वाहालीका सदस्य **श्री लक्ष्मण मुल्मी**की ममतामयी आमा **सुन्तली मुल्मी**को असामयिक निधनले हामी अत्यन्तै मर्माहत भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

अध्यक्ष
तथा
**झिः नेवाः ग्वाहाली परिवार**
**रामकृष्णटोल, पोखरा-४**



**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पोखरा, कास्की, गण्डकी प्रदेश

## पोखरा महानगरपालिकाको सूचना

*मिति: २०७९/०५/२९ गते*

यस पोखरा महानगरपालिकाको वडा नं १४ हवेली मार्गमा सञ्चालित श्री लिटल हार्ट्स मण्टेश्वरी हालसम्म सुक बहादुर गुरुङको स्वामित्वमा रहेको र अव उपरान्त इमा गुरुङको नाममा स्वामित्वमा हस्तान्तरण गरी सञ्चालन गर्न अनुमतिका लागि आएकोले कोही कसैको हक दावी, विरोध भएमा सुचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिन भित्र प्रमाण सहित पोखरा महानगरपालिकाको शिक्षा महाशाखामा निवेदन दिनुहुन यो सुचना प्रकाशन गरिएको छ । म्याद नाघी आएको निवेदनका सम्वन्धमा कुनै कारवाही गरिने छैन ।

**कृष्णप्रसाद भण्डारी**
शाखा अधिकृत
**शिक्षा महाशाखा**



## वर्गीकृत विज्ञापन डिस्प्ले

**neo बम्पर उपहार**
FILTER | SOLAR WATER HEATER | GAS HOB | CHIMNEY
हरेक NEO Appliance को खरिदमा Scratch Sure-Shot Discount / Cashback Offer र १ जना भाग्यशाली Customer लाई Scooter जित्ने अवसर ।
खरिदका लागि सम्पर्क :
पायोनियर इन्टरनेशन ट्रेडिङ
पोखरा-११, रानीपौवा । ९८५६०२५३७०

**मोबाइल पसल बिक्रीमा**
न्यूरोडको प्राइम लोकेशनमा चालु अवस्थामा रहेको *मोबाइल पसल* विशेष कारणबस बिक्रीमा छ ।
सम्पर्क:
९८०६६-७७०७२

**अर्जेन्ट आवश्यकता**
वेटर- २ जना
कम्तिमा ३ वर्षको अनुभव
तलब: आपसी समझदारीमा ।
लेकसाइड, हल्लनचोक
सम्पर्क:
98291-28701

**लेकसाइडको क्याफे बिक्रीमा**
लेकसाइडको सेन्टर प्वाइन्ट स्थित चालु अवस्थाको क्याफे विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्क:
98161-84166
98122-68792

**तुरुन्त बिक्रीमा**
पोखरा स्थित अति व्यस्त ***रेष्टुरेन्ट तथा पार्टी प्यालेस*** लामो भाडा सम्झौतासहित तुरुन्त बिक्रीमा छ । इच्छुकले मात्र सम्पर्क राख्नुहोला । मूल्य आपसी समझदारीमा हुनेछ ।
*सम्पर्क समय: बिहान ८ बजे देखि बेलुका ८ बजेसम्म ।*
९८०६६-२२२४२
जीवन शर्मा

**पोखरा मोबाईल टावर**
व्यवसायिक प्रयोजनका लागि सटर भाडामा उपलब्ध छ ।



उदयबहादुर के.सी. (लाहुरे दाई)
प्रोभिजन स्टोर्स, गेम हाउस, सहकारी तथा बैंक QFS Hall, Institute & Consultancy लगायत सबै व्यवसायका लागि अति उपयुक्त ठाउँ। पार्किङ, लिफ्ट तथा वाइफाईको सुविधा भएको।
सम्पर्क:
९८५६०४८०८२, ९८४६१४८०८२
गण्डकी प्रदेशकै ठूलो मोबाईल सेन्टर, पोखरा मोबाईल टावर

**घडेरी बिक्रीमा**
पोखरा-२७, तालचोक नजिकै हमालचोकदेखि लक्ष्मी मा.वि. जाने पिच बाटोमा पर्ने ३६X३९ हातको घडेरी तु-बिक्रीमा छ ।
सम्पर्क:
९८१६६-१०३५७

**खाजाघर बिक्रीमा**
पोखरा-१२, ढिकालेथर स्थित ***खाजाघर*** विशेषकारणबस तु-बिक्रीमा छ ।
*मूल्य रू. १ लाख ५० हजार मात्र ।*
सम्पर्क:
9826645553
9819137083

# एनसेलले ल्यायो दसैंमा रिचार्ज बोनस अफर

**समाधान संवाददाता**
काठमाडौं, २८ भदौ




एनसेलले नजिकिँदै गरेको दसैंको अवसरमा आकर्षक रिचार्जमा बोनस योजना ल्याएको छ। यस योजना अन्तर्गत ग्राहकले हरेक दिन १०० रूपैयाँ वा सोभन्दा बढीको रिचार्जमा अधिकतम ४० रूपैयाँसम्म बोनस ब्यालेन्स प्राप्त गर्न सक्छन् ।

यो योजना भदौ २८ गते मंगलबारदेखि सञ्चालनमा आएको छ । यो योजना अन्तर्गत एनसेलका ग्राहकले १०० रूपैयाँको रिचार्ज गर्दा १ दिन मान्य रहने १० रूपैयाँ बोनस स्वरुप प्राप्त गर्नछन् । यो योजनाअन्तर्गत बोनस प्राप्त गर्न ग्राहकले जुनसुकै रकमको रिचार्ज गर्न सक्छन् र बोनस ब्यालेन्स रिचार्ज गरिएको रकमको आधारमा हरेक दिन पाइन्छ ।

यस योजनाअन्तर्गत ग्राहकले एक दिनमा एकै पटक वा पटक-पटक गरि १५० रूपैयाँ रिचार्ज गरेमा २० रूपैयाँ बोनस स्वरुप प्राप्त गर्छन् । प्राप्त बोनस रकम ३ दिनका लागि मान्य रहन्छ । त्यस्तै ग्राहकले एक दिनमा एकै पटक वा पटक-पटक गरि २०० रूपैयाँ वा सोभन्दा बढीको रिचार्ज गरेमा ग्राहकले ४० रुपैयाँ बोनस ब्यालेन्स प्राप्त गर्छन् । यो बोनस रकम ७ दिनको लागि मान्य हुन्छ ।

यो योजनाअन्तर्गत बोनस प्राप्त गर्न ग्राहकले कुनै पनि माध्यमबाट रिचार्ज गर्न सक्छन् । प्राप्त बोनस ग्राहकले एनसेल नेटवर्क भित्र कुरा गर्न, एसएमएस पठाउन र इन्टरनेट चलाउन प्रयोग गर्न सक्छन् ।

आफ्ना ग्राहकका लागि १०० रूपैयाँ वा सोभन्दा बढीको रिचार्जमा बोनस ब्यालेन्स सुनिश्तित गर्दै यो आकर्षक योजना ल्याउन पाएकोमा निकै हर्षित रहेको एनसेलले जनाएको छ । यस योजनाले ग्राहकलाई चाडवाडको अवसरमा परिवार तथा साथीभाइसँग सम्पर्कमा रहिरहन र शुभकामना आदान प्रदान गर्नमा थप मद्दत गर्ने विश्वास एनसेलले लिएको छ ।

# मुस्ताङमा एमालेबाट २२ सिफारिस

**सुन्दरकुमार थकाली**
जोमसोम, २८ भदौ

प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनका लागि मुस्ताङबाट नेकपा (एमाले) का २२ नेताको नाम सिफारिस भएको छ । पार्टी कार्यालय जोमसोममा मंगलबार उम्मेदवार तय गर्न बसेको एमाले सचिवालय बैठकले एक प्रतिनिधिसभा र दुई प्रदेश निर्वाचन क्षेत्रका लागि प्रत्यक्ष तथा समानुपातिकतर्फका सम्भावित उम्मेदवारको नाम सिफारिस गरेको हो ।

एमाले प्रदेश कमिटी सदस्य तिलक विकका अनुसार प्रतिनिधिसभा प्रत्यक्षतर्फ प्रेमप्रसाद तुलाचन, चन्द्रमोहन गौचन र इन्द्रधारा विष्टको नाम सिफारिस गरिएको हो । प्रतिनिधिसभा समानुपातिकतर्फ महेन्द्रबहादुर थकाली, चन्द्रमोहन गौचन र विशाल विकको नाम सिफारिस गरिएको हो ।

प्रदेश निर्वाचन क्षेत्र 'क'को प्रत्यक्ष र समानुपातिकतर्फ ५ जनाको नाम सिफारिस गरेको छ । प्रत्यक्षतर्फ इन्द्रधारा बिष्ट, वाङ्दी साङ्वो गुरुङ र वाङ्दी गुरुङ उम्मेदवारको रुपमा सिफारिस गरिएको हो भने समानुपातिकतर्फ माया बिष्ट र कर्मसम्टुक गुरुङ सिफारिस भएका छन् ।

यस्तै, प्रदेश 'ख' निर्वाचन क्षेत्रको प्रत्यक्षतर्फ महेन्द्रबहादुर थकाली, चन्द्रमोहन गौचन र हेमन्त शेरचन गरी ३ जना उम्मेदवारका लागि सिफारिस भएका छन् ।

समानुपातिकतर्फ प्रदेश 'ख' मा भने ८ जनाको नाम सिफारिस भएको छ । जसअनुसार प्रदेश समानुपातिकतर्फ आसबहादुर थकाली, सवि शेरचन, गणेशलाल थकाली, ववि शेरचन, शर्मिला गुरुङ, विनोद विसी, नवीन भट्टचन र टसी स्याङ्वो गुरुङ्सेनीको नाम सिफारिस भएको एमाले प्रदेश कमिटी सदस्य विकले बताए ।

एमाले मुस्ताङले पार्टी जिल्ला इञ्चार्ज चन्द्रमोहन गौचनलाई प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष र समानुपातिक उम्मेदवारको सूचीमा राखेको छ भने प्रदेश 'ख'को प्रत्यक्षतर्फको उम्मेदवारको सूचीमा समेत राखेको छ ।

गण्डकी प्रदेशका सांसद इन्द्रधारा विष्टलाई संघीय प्रतिनिधिसभाको प्रत्यक्ष र प्रदेश 'क' को प्रत्यक्ष उम्मेवारको रुपमा प्रस्ताव गरेको छ । यस्तै,प्रदेशसभा सदस्य महेन्द्रबहादुर थकालीलाई प्रतिनिधिसभाको समानुपातिक र प्रदेश 'ख' को प्रत्यक्ष उम्मेदवारको रुपमा नाम सिफारिस गरेको हो ।

# सार्वजनिक सुनुवाई सम्बन्धि सूचना

*प्रकाशित मिति: २०७९/०५/२९ गते*

**आयोजनाको नामः आँधिखोला गाउँपालिका अन्तर्गतको, आँधिखोला गाउँपालिका - ०५ मा पर्ने जुग्ले गोगनपानी बांगे पन्चासे सडकखण्ड स्तरोन्नति (६.०२ किलो मिटर)**

गण्डकी प्रदेश अन्तर्गत पर्ने स्याङ्गजा जिल्लाको आँधिखोला गाउँपालिका, वडा नं. ५, मा अवस्थित आँधिखोला गाउँपालिका, कृषि, स्याङ्गजाद्वारा प्रस्तावित माथि उल्लेख गरिएको आयोजनाको निर्माण एवं संचालनका लागि वातावरण संरक्षण नियमावली, २०७७ अनुसारको संक्षिप्त वातावरणीय अध्ययन तयारीको सिलसिलामा सरोकारवाला व्यक्ति वा संस्थाहरुको राय सुझाव संकलनका लागि निम्न स्थान र मितिमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले उक्त कार्यक्रममा उपस्थिति भई राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने स्थान:**

**आँधिखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कृषि, स्याङ्गजा**
**मिति: २०७९/०६/०५, समय: दिउँसो २:00 बजे**

## हार्दिक बधाई तथा शुभकामना

पोखराको ज्येष्ठ एवम् अग्रणी संस्था पोखरा उद्योग वाणिज्य संघको यही २०७९ भदौ २४ र २५ गते सम्पन्न ३४ औं महाधिवेशनबाट निर्वाचित अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारीज्यूहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**श्री पवनकुमार प्रजापति**
अध्यक्ष

**श्री गोकर्ण कार्की** – वरिष्ठ उपाध्यक्ष
**श्री देवेन्द्र केसी** – उपाध्यक्ष (उद्योग)
**उत्तममान बुद्धाचार्य** – उपाध्यक्ष (वाणिज्य)
**बलराम आचार्य** – महासचिव
**शोभा गौतम** – उप महासचिव
**दिनेशचन्द्र बास्तोला** – कोषाध्यक्ष

**कार्यसमिति सदस्यमा**
श्री प्रभा सुवेदी, सुदिप प्रधानाङ्ग, बालकृष्ण कोइराला, दिलीप कुमार श्रेष्ठ, भरत केसी, माधव बस्ताकोटी, कृष्णप्रसाद कोइराला, भीम गौतम, मनोजकुमार श्रेष्ठ, सुदिप ओझा

**वस्तुगत सदस्यतर्फ**
जीवनप्रकाश श्रेष्ठ, प्रेमप्रसाद सुवेदी, लेखनाथ सुवेदी र लीलाधर चपागाईं
औद्योगिक सदस्य युवकबहादुर बस्नेत, कर्पोरेट सदस्य रामप्रसाद कँडेल र वन्दना कार्की

अध्यक्ष एवं
**पोखरा स्टिल फेब्रिकेटर्स एशोसिएसन परिवार**
पोखरा-८, जाल्पारोड, कास्की

# खाद्य कम्पनीको पर्वोत्सव सहुलियत

**समाधान संवाददाता**
पोखरा, २८ भदौ

नेपाल फुड प्रालिले दसैं, तिहार तथा छठमा उपभोक्तालाई खाद्यवस्तुको खरिदमा भारी छुटको योजना ल्याएको छ ।

विरौटास्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बिक्री कक्षबाट सामान खरिदमा 'पर्वोत्सव सहुलियत छुट मूल्य पसल' सञ्चालनमा ल्याएको हो । योजना असोज १ देखि कात्तिक १५ गतेसम्म चल्ने प्रदेश प्रमुख नवीन बस्नेतले बताए ।

पर्वोत्सवमा ग्राहक वर्गलाई सबै किसिमका चामलमा छुटको व्यवस्था गरिएको छ । बास्मती, जिरा मसिनो, स्टिम सोना चामल, अरुवा सोना चामल ग्राहकले किन्न सक्छन् ।

यी सबै चामलमा ७ रुपैयाँ छुट दिएको प्रमुख बस्नेतले बताए । यो योजना अवधिभर ५ सय क्विन्टलसम्म खाद्यान्न सहुलियत बिक्री गरिने छ ।

## हार्दिक बधाई



**श्री विष्णुप्रसाद बराल**

यस सृजना विकास केन्द्रका पूर्व अध्यक्ष एवं सल्लाहकार श्री विष्णुप्रसाद बरालज्यू आनन्द मार्ग प्रचारक संघ नेपालको २५ औं साधारण सभा एवं ८ औं अधिवेशनबाट केन्द्रीय अध्यक्ष जस्तो गरिमामय पदमा सर्वसम्मत निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

ईन्द्रप्रसाद पौडेल
अध्यक्ष एवं
सृजना विकास केन्द्र, पोखरा-८, कास्की

# पोखरामा बुधबारबाट बजाज पल्सर एनएस १२५

**समाधान संवाददाता**
पोखरा, २८ भदौ

पोखरामा बुधबार बजाज पल्सर एनएस १२५ लन्च हुने भएको छ । पोखराका लागि आधिकारिक विक्रेता इच्छाशक्ति अटोमोबाइल प्रालिले सार्वजनिक गर्ने संस्थाका म्यानेजर भगवान बिजुक्छेले बताए ।

प्रमुख अतिथि पोखरा उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष पवनकुमार प्रजापति र विशेष अतिथि पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसियसनका अध्यक्ष मोहनबाबु खड्का हुने बिजुक्छेले बताए ।

एनएस १२५ को मूल्य २ लाख ७९ हजार ९०० रुपैयाँ निर्धारण गरेर बुकिङ खुला गरिसकेको छ । गत वर्ष भारतीय बजारमा सार्वजनिक भएको बजाज एनएस १२५ पल्सर सिरिजको सबैभन्दा सानो मोटरसाइकल हो ।

# बजारमा नयाँ हिरो सुपर स्प्लेन्डर



काठमाडौं, २८ भदौ (समाधान) - विश्वको सबैभन्दा ठूलो मोटरसाइकल तथा स्कुटर निर्माता कम्पनी हिरो मोटोकर्पले नेपालमा आफ्नो नयाँ सुपर स्प्लेन्डर सार्वजनिक गरेको छ ।

प्रिमियम बोल्ड डिजाइन र नवीनतम प्रविधिका साथ नयाँ हिरो सुपर स्प्लेन्डर सुपर-पावर, सुपर-माइलेज र सुपर-कम्फर्टको तेब्बर (ट्रिपल) प्रतिज्ञाका साथ ल्याइएको छ ।

यसले परिष्कृत इन्धन दक्षता प्रदान गर्दछ तथा यसलाई नयाँ डिजी-एनालग क्लस्टर, इन्टिग्रेटेड यूएसबी चार्जर, साइड-स्ट्यान्ड इन्जिन कट-अफ र रिफ्रेस लुकजस्ता रोमाञ्चक नयाँ सुविधाहरूले पावर-प्याक गरिएको छ । यो मोटरसाइकल देशभरका हिरो मोटोकर्पका डिलरसिपहरूमा २ लाख ६६ हजार रुपैयाँमै पाइने हिरो मोटोकर्पले बताएको छ ।

हिरो मोटोकर्पले सन् २०१० मा नेपाल जनरल मार्केटिङ प्राइभेट लिमिटेड (एनजिएम) लाई आफ्नो आधिकारिक वितरक नियुक्त गरि नेपालमा प्रवेश गरेको थियो । यसले नेपालमा ८२ डिलरसीप, ९३ सर्भिस सेन्टर र ९१ भन्दा बढी स्पेयर पार्ट्स आउटलेट सहित २६६ भन्दा बढी सम्पर्क स्थानमार्फत ग्राहकहरूलाई सेवा प्रदान गर्दै आएको छ ।

सुपर स्प्लेन्डरको साथ सवारी चालक (राइडर)ले सवारी र कनेक्टिभिटीको कार्यहरू पहुँच छिटो र छरितोरूपमा प्राप्त गर्न सक्दछन् । नयाँ सुपर स्प्लेन्डरमा १२५ सीसी, एयर कुल्ड, ४ स्ट्रोक, सिंगल सिलिन्डर इन्जिन रहेको छ जसले ७५०० आरपीएममा १०.७ बीएचपी उत्पन्न गर्छ र ६० आरपीएममा १०.६ एनएमको प्रभावशाली टर्क उत्पन्न गर्छ ।

चालक र पछाडिका यात्रु दुवैका लागि अत्यधिक सुरक्षा सुनिश्चित गर्ने यस मोटरसाइकलमा साइड-स्ट्यान्ड भिजुअल इन्डिकेसन र 'साइड-स्ट्यान्ड इन्जिन कट-अफ' रहेको छ । सुपर स्प्लेन्डर ग्लेज ब्ल्याक, नेक्सस ब्लु, क्यान्डी ब्लेजिङ रेड र डस्की ब्ल्याक गरी चार रङमा उपलब्ध रहेको मोटोकर्पले बताएको छ ।

**TRIBHUVAN UNIVERSITY**
## INSTITUTE OF ENGINEERING
**PASHCHIMANCHAL CAMPUS**
**LAMACHAUR, POKHARA**

## Invitation for Bids
## IFB No: 01/WRC/079-80

**(Date of publication: 2079/05/29)**

1. IOE, Paschaminchal Campus, Lamachaur, Pokhara invites Online bid for NCB contractors from eligible bidders for the Procurement of Goods for the Project mentioned below;

| IFB No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period (days from the date of bid opening) |
|---|---|---|---|---|---|
| 1.1/WRC/ 079-80 | 1/WRC/ NCB/G/ 079-80 | Procurement and Supply of Branded Computer Set, WRC | 3,000.00 | 1,00,000.00 | 120 days |
| 1.2/WRC/ 079-80 | 2/WRC/ NCB/G/ 079-80 | Procurement and Supply of Survey Equipment's, WRC | 3,000.00 | 1,10,000.00 | 120 days |

2. Purchase, Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| For NCB Contract | 28th sept 2022 | 13:00 Noon | 14th Oct 2022 | 12:00 | 14th Oct 2022 | 13:00 |

| Bank Name | Deposit Account Name and Number |
|---|---|
| NIC ASIA BANK LTD, Pokhara | IOE, Pashchimanchal Campus 1641615557352403 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (12th Amendment, 2079).
4. Bidders shall obtain the bidding documents and submit their bids as specified in the Bidding data sheet at office. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please contact at office during office hours. Any amendment in the notice or bid documents will be posted in notice board of this office.

**Campus Chief**

## धर्मस्थली बचत तथा ऋण सहकारी संस्था लि.
**Dharmasthali Saving & Credit Co-operative Ltd.**
पोखरा-५, कास्की, नेपाल, फोन नं. ०६१-५२४१७९, ५२१७०७

## १५ औं बार्षिक साधारण सभा बारेको सूचना

(प्रकाशित मिति २०७९/०५/२९)

**धर्मस्थली बचत तथा ऋण सहकारी संस्था लि.**को मिति २०७९ साल भाद्र १८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको **१५ औं बार्षिक साधारण सभा** तपसिलमा उल्लेखित साधारण सभाको कार्यसूची अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुदा तपसिलको मिति, समय र स्थानमा उपस्थित हुनका लागि सदस्यहरुलाई बिभिन्न माध्यमबाट सूचना सम्प्रेषण भईरहेको छ । कुनै कारणबस पत्र वा जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाको कार्यसूची :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूवाट आ.ब. २०७८/७९ को बार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
२. सञ्चालक समितिको तर्फबाट सचिवज्यूबाट आगामी आ.ब. २०७९/८० को बार्षिक कार्यक्रम प्रस्तुत र पारित गर्ने,
३. सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षज्यूवाट आ.ब. २०७८/७९ को लेखापरिक्षण प्रतिवेदन सहित आगामी आ.ब. २०७९/८० को बजेट प्रस्तुत र पारित गर्ने ।
४. लेखा सुपरिवेक्षण समितिको बार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
५. आ.ब. २०७९/८० को लागि लेखापरिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने ।
६. आन्तरिक कार्यबिधी तथा नीतिहरु शंसोधन एवं नयाँ तयार गर्ने सम्बन्धमा ।
७. विनियम शंसोधन सम्बन्धमा ।
८. शेयर लाभांश एवं संरक्षित पुजी कोष बितरण सम्बन्धमा ।
९. निर्णय पुस्तिका प्रमाणिकरण सम्बन्धमा ।
१०. बिशेष प्रस्ताव सम्बन्धमा ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०७९ असोज २९ गते शनिवार,
**स्थान :** पोखरा शान्तिनगर बेङक्यूट, पोखरा-७ शान्तिनगर,
**समय :** ११:०० बजे ।

**अन्य थप जानकारी :**

» सदस्यहरुका छोरा छोरी मध्ये २०७९ सालको कक्षा १२ मा उतकृष्ट अंक ल्याउने छात्र छात्रालाई, सदस्यहरुका परिवारले बिद्यावारिधी गरेका तथा राष्ट्रिय अन्तराष्ट्रिय रुपमा ख्याति प्राप्त गरेका र सदस्यको परिवार भित्र ८० पुरा हुनु भएका जेष्ठ नागरिकलाई सम्मान गरिने भएको हुँदा २०७९ असोज २५ गते भित्र मार्कशिट,प्रमाण पत्र र जेष्ठ नागरिकका हकमा नागरिकताको प्रतिलिपी पेश गरि दिनु हुन अनुरोध गरिन्छ ।
» साधारण सभामा उपस्थित हुने शेयर सदस्यलाई यातायत खर्चको व्यबस्था गरिएको छ ।

संचालक समितिको आज्ञाले
**कृष्ण प्रसाद कोइराला**
सचिव




**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com